अनुसूची-६

# साना किसान कृषि सहकारी संस्था लि.

.........................................

प.सं.: मिति : ..................

च.नं.:

**श्री साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
इलाका/एकाइ कार्यालय .............................. ।

**विषय : साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

**महोदय ,**

नेपालका लागि इजरायली राजदूतावास समेतको सहकार्यमा विगत वर्ष झैं सन् २०.../२०... मा पनि साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम सञ्चालन हुने जानकारी प्राप्त भयो । यस कार्यक्रमको उद्देश्य, त्यस वित्तीय संस्थाले समय समयमा दिएको निर्देशनहरु एवं "साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन सहित)" मा भएको व्यवस्था अनुसार देहायका योग्यताहरु पुरा भएकोले यस संस्थाका सदस्य परिवारलाई समेत साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागी गराई नेपाल एवं इजरायलमा कृषि प्रशिक्षण प्राप्त गर्ने मौका प्रदान गरिदिन हुन अनुरोध छ । यस कार्यक्रममा यस संस्थालाई सहभागी गराएमा साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ र तत्सम्बन्धमा वित्तीय संस्थाबाट भए गरेको निर्णय र व्यवस्थाहरू पूर्णरुपले पालना गर्ने कुरामा संस्थाको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछौं ।

**<u>यो संस्थाको देहाय अनुसारको विवरण सत्य छ</u> :–**

१. २०... असार मसान्तमा संस्था "क" वर्गमा रहेको छ । (छैन भने सहभागी हुन नपाउने) ........
२. यस संस्थाको कूल सदस्य संख्या ३७५ भन्दा बढी छ । (छैन भने सहभागी हुन नपाउने) ..........
३. २०... फागुन मसान्त अघि नै यो संस्था यस वित्तीय संस्थामा आबद्ध भैसकेको हो । (होइन भने सहभागी हुन नपाउने) ..........
४. यस संस्थाबाट यस अघि यो कार्यक्रममा भाग लिएको प्रशिक्षार्थीहरुले कुनै पनि नियम उलंघन गरेका छैनन् । (कुनै पनि प्रशिक्षार्थी बिना अनुमति इजरायलमा लुकेको वा कार्यक्रममा आँच पुर्‍याउने कार्य गरेको भए त्यस्तो कार्य गरेको तीन वर्ष ननाघेसम्म सहभागी हुन नपाउने)......
५. यस कार्यक्रममा सहभागी मध्ये ५० प्रतिशत वा सो भन्दा बढीले स्वदेशमानै बसेर कृषि कार्य/कृषि व्यवसाय गरेको अवस्थामा मात्र त्यस्तो संस्था यस कार्यक्रममा प्रशिक्षार्थी सहभागी गराउन योग्य हुने कुरा हामीलाई थाहा छ । हालसम्म यस संस्थाबाट सहभागी भएका ..........जना प्रशिक्षार्थी मध्ये कृषि व्यवसायमामा ...... जना (..... प्रतिशत) आवद्ध रहेको प्रमाणित गर्दछौं । प्रशिक्षार्थीहरुको तोकिए अनुसारको विवरण यसै साथ संलग्न पानामा छ ।

**भवदीय,**

दस्तखत : .................. दस्तखत : ....................
नाम : ........................... नाम : ........................
पद : प्रबन्धक पद : अध्यक्ष

**हालसम्म सहभागी प्रशिक्षर्थीहरुको विवरण** (दस्तखत गरी छाप लगाउनु होला । आवश्यक पाना थप गर्नु होला ।)

| क्र. सं. | तालिम लिएको अवधि (वि.सं.) | प्रशिक्षार्थीको नाम | स्वदेशमा नै कृषि व्यवसाय गरिरहेको भए | | अन्य पेशामा आवद्ध भए खुलाउने | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | गरेको काम | लगानी रु. | स्वदेशमा | विदेशमा | |
| | | | | | | | |
| | | | | | | | |